प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : ३०१ ॥ २०८१ पुष ०७ गते आईतबार (22nd Dec 2024 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# वनभोजले भरियो दोमुखा



• बिनोद सापकोटा

झापा । वनभोज खाने र रमाइलो गर्नेका लागि यो सिजन उपयुक्त मानिन्छ । देशभरका पर्यटकीय स्थलहरू यो सिजनमा भरिभराउ हुन्छन् । कात्तिक पहिलो सातादेखि वैशाखभर वनभोज खाने र रमाइलो गर्नेको पर्यटकीय स्थलमा लर्को नै लाग्छ। अझ सार्वजनिक र साप्ताहिक विदाका दिन मेला नै लाग्ने गरेको छ।

साथीभाइसँग खेलेको देउसीभैलोबाट उठेको रकमले वनभोज जानेहरूका लस्करले यति बेला झापाको दोमुखा ड्याम्मै भरिएको छ। दामाशाहीले उठाएका पैसा वनभोज जानेहरुको अर्को आर्थिक स्रोत हो। यो बाहेक सामुदायिक तथा संस्थागत विद्यालय, विभिन्न सामाजिक संघ संस्था, भजन तथा कीर्तन मण्डली, सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारीलगायत परिवारका सदस्य मिलेर वनभोज खाने र रमाइलो गर्ने गरिन्छ ।

झापाको दोमुखामा शनिवार वनभोज खान आउने अधिकांश विद्यार्थी र पूर्व कर्मचारी थिए। यो संख्यापछि बहालवाला राष्ट्रसेवक कर्मचारी पनि देखिन्थे । अनि परिवारका सदस्य मिलेर वनभोज खानेको ठुलै भीड दोमुखामा थियो। दोमुखा धार्मिक तथा पर्यटकीय विकास संस्थाका अनुसार शनिबार एकैदिन करिब २५ हजार मानिसले दोमुखा क्षेत्रमा वनभोज खाएका छन् । संस्थाका वरिष्ठ उपाध्यक्ष रमेश तिम्सिनाले भने, 'यो संख्या अहिलेसम्मकै उच्च हो।'

पूर्वी कन्काई नदीको तटीय क्षेत्र र दोमुखा ड्यामको अति विशिष्ट कक्षमा वनभोज खाने, नाचगान गर्ने, विभिन्न खेलकुदका कार्यक्रमहरू गर्नेको समूह निकै थियो । कोशी प्रदेश स्तरीय सेवानिवृत्त प्रहरी कर्मचारीको वनभोजले दोमुखा क्षेत्रमा निकै भीड देखिन्थ्यो ।

दोमुखा धार्मिक तथा पर्यटकीय विकास संस्थाका वरिष्ठ उपाध्यक्ष तिम्सिनाले गाउँ, टोल तथा विद्यालयका साथीभाइ मिलेर देउसी खेल्ने र जम्मा भएको रकमबाट वनभोज खाने संस्कृति किशोर-किशोरीमा बढ्दै गएको बताए । बस, जिप, अटोरिक्सा, मोटरसाइकललगायतका सवारीसाधनमा वनभोज खान दोमुखा कर्मचारी र सर्वसाधारण आउने गरेको उनले बताए । 'यो एउटा राम्रो अवसर हो', मोरङ मिक्लाजुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुलाराज थापा मगरले भने, 'म शिवसताक्षी नगरपालिकाको कुनै बेला प्रमुख प्रशासकीय अधिकृत थिएँ । पहिलाको दोमुखा र अहिलेको दोमुखामा आकाश जमिनको फरक भएछ।'

सडक, बिजुली बत्ती, शौचालय, सरसफाई, सुरक्षालगायतका व्यवस्थाका कारण दोमुखामा वनभोज खान आउनेको संख्या दिनानुदिन बढेको उनले बताए । 'पर्यटकीय स्थल दोमुखामा वनभोज खान आउँदा पुराना साथीभाइसँग जमघट हुने मौका मिल्यो । यो अवसर सार्वजनिक विदाले दिएको हो,' उनले भने ।

कोशी प्रदेशमा वनभोज खान र रमाइलो गर्नका लागि दोमुखा आकर्षक गन्तव्य मानिन्छ । प्राकृतिक सौन्दर्यता, स्थानीय सरकार र दोमुखा धार्मिक तथा पर्यटकीय विकास संस्थाको लगानीले दोमुखा यतिबेला सिँगारिएको छ।

पूर्वपश्चिम राजमार्गदेखि करिब साढे ३ किलोमिटर उत्तर चुरे पहाडको फेदमा रहेको दोमुखा प्रकृतिको अनुपम उपहार हो । स्थानीय भन्छन् 'यो सिजनमा दोमुखाका हरेक होटल प्याक छन् । वनभोज खाने स्थल समयमै नपुगे ठाउँ पाइँदैन।'

'अरू बेलाभन्दा दशैं -तिहारपछि वनभोज खान आउनेको संख्या दोमुखामा दोब्बर हुन्छ' समितिका सचिव धनकुमार ढकालले भने, 'अहिले दैनिक ४०/५० वटा समूह वनभोज खान यहाँ आइपुग्छन् । शनिबार मात्र ८६ वटा समूह दोमुखामा वनभोज खाएर रमाइलो गर्न आयो ।' उनका अनुसार शनिबार मात्र १ लाख ९१ हजार एकैदिन राजस्व सङ्कलन भएको छ ।

झापा, मोरङ, सुनसरी, इलाम, उदयपुर, धनकुटालगायतका जिल्लाका समूह शनिबार दोमुखामा वनभोज खान आएका थिए। टिकटक बनाउने, फोटो खिच्ने, भिडियो बनाउने युवा युवतीको संख्या सबैभन्दा धैरै थियो।

पर्यटकीय हिसाबले दोमुखा पूर्वको नामुद क्षेत्र रहेको मेचीनगरका पत्रकार मुक्ति पौडेलले बताए । उनी पनि दोमुखा क्षेत्रमा शनिबार समूहमा वनभोज खान आएका थिए। उनले भने,'स्थानीय सरकारको लगानीले दोमुखा क्षेत्र हराभरा बनेको रहेछ ।'

दोमुखा क्षेत्रबाट सङ्कलन भएको रकममध्ये ३० प्रतिशत शिवसताक्षी नगरपालिकाको राजस्व शाखामा दाखिला हुन्छ। बाँकी रहेको ७० प्रतिशत संस्थाका कर्मचारीको तलब भत्ता र दोमुखा क्षेत्रको पूर्वाधार विकासमा खर्च हुने गरेको संस्थाका अध्यक्ष धनप्रसाद लावतीले बताए ।

# टिकटक बनाउँदा शिक्षिका र विद्यार्थीको मृत्यु

झापा(प्रस) । टिकटक बनाउने क्रममा तेह्रथुमको मेन्छ्यायेम गाउँपालिकाको खोरुङ्गा खोलाको खोंचमा खसेर शिक्षिका र एक छात्राको शनिबार अपराह्न मृत्यु भएको छ ।स्थानीय गौखुरी माविमा नर्स शिक्षिकाको रुपमा कार्यरत रबिना राजवंशी र कक्षा ७ मा अध्ययनरत अन्दाजी १२ वर्षीया सुस्मिता भट्टराईको घटनास्थलमै मृत्यु भएको प्रहरी नायव उपरीक्षक चिनीमाया तामाङले बताइन् । शनिबारको बिदा पारी साथीहरुसँग



शिक्षिका र विद्यार्थी विद्यालयको दक्षिणतर्फ रहेको खोरुङ्गा खोलामा पौडी खेल्न गएका थिए । सोही खोलामा अपराह्न टिकटक बनाउने क्रममा खोंचमा खसेका दुवै जनाको घटनास्थलमै मृत्यु भएको गाउँपालिका अध्यक्ष यादवबहादुर खापुङले जानकारी दिए । मृतकको शवखोंचबाट निकालेर खोला बगरमा ल्याइएको प्रहरी नायव उपरीक्षक तामाङले जानकारी दिइन् ।

# आश्रम निर्माणका लागि सहयोग जुट्दै



झापा(प्रस) । स्वच्छ समाजका लागि सामाजिक अभियानलाई सहयोग जुट्ने क्रम बढ्दै गएको छ । समाजले अर्जुनधारा ११ मा आश्रम निर्माण गर्ने उद्धेश्यले खरिद गरेको जग्गाका लागि सहयोग रकम जुट्दै गएको हो ।

अभियानले असहाय दृष्टिबिहीन, अपाङ्ग, दीनदुःखीहरुलाई बस्ने आवास निर्माणका लागि सडका फ्याँकिएका टुटेफुटेका सीसा, प्लास्टिक आदि संकलन गरि त्यसको बिक्रीबाट आएको रकम तथा दाताहरुबाट संकलित रकमले अर्जुनधारा ११ प्रगतिटोल देउनिया बस्तीमा २ कट्ठा ७ धुर जमिन खरिद गरेको छ ।

जग्गा खरिद गरेपनि उक्त जग्गाको केहि रकम भुक्तानी गर्न बाँकी रहेको अभियानका अध्यक्ष तथा सामाजिक अभियन्ता गणेश ढुङ्गानाले बताएका छन् ।

यसैक्रममा सामाजिक उत्तरदायित्व बहन गर्दै शनिश्चरे मा.वि. २०४१ सालको एसएलसी ब्याचका विद्यार्थीले अभियानलाई सहयोग गरेका छन् ।

मोहन सुब्बाको नेतृत्वमा गएको टोलीले अभियानले खरिद गरेको जग्गामा नै पुगेर १ लाख ७ हजार १ सय हजार रुपैंयाको चेक अभियानका अध्यक्ष गणेश ढुङ्गाना, आजीवन सदस्य बीपी कोइराला र सचिव अभिचन्द्र बांस्कोटालाई प्रदान गरेको हो । चेक हस्तान्तरण गर्दै सुब्बाले सरकारले गर्नु पर्ने काम एक ब्यक्तिले गरिरहेको भन्दै आफूहरुले केहि सानो सहयोग गरेको बताए ।

अभियानले लामो समयदेखि एक ब्यक्ति एक धुर सहयोग गर्ने अभियान चलाइरहेको छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

# सहकारी ठग भनेकोमा झापाका संचालकहरुको आपत्ति



बिर्तामोड(प्रस) । सहकारीका सबै संचालकहरु ठग हुन् भन्ने भाष्यप्रति झापाका सहकारी संचालकहरुले आपत्ति जनाएका छन् । दुई-चार जनाले गलत गर्यो भन्दै समग्र सहकारी संचालकहरुमाथि नै त्यसरी गंभीर आरोप लगाउनु गलत भएको उनीहरुको भनाई छ ।

जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ४ को दशौं वार्षिक साधारण सभामा सहभागी सहकारी संचालकहरुले त्यस भाष्यलाई चिर्न आवश्यक भएको बताए । कार्यक्रमका प्रमुख अतिथि जिल्ला सहकारी संघका सचिव भवानीप्रसाद दंगालले कसैको पैसा नखाएको र कसैलाई हानि नोक्सानी नगर्दा पनि गाली खानु परिरहेको गुनासो गरे । एकातिर ऋण नतिर भन्ने अनि अर्कोतिर बचत फिर्ता गर भनेर अप्ठ्यारो पार्दै सहकारीहरुमाथि चौतर्फी हमला भइरहेको भन्दै उनले राज्यसमेत सहकारीप्रति उदासिन रहेको आरोप लगाए । देशभरिका ७५३ वटा स्थानीय तहमध्ये करिव ४ सय वटा प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा सहकारीहरुको नियमन नभएकै कारणले गर्दा पनि समस्या आएको उनले बताए । वास्तविक ठगहरु संसद भवनमा कानुन बनाउने ठाउँमा रहेको भन्दै उनले भने,'हामीलाई सहकारी ठग नभन्दिनु होला ।'

कार्यक्रममा जिल्ला सहकारी संघका सदस्य ढुण्डीराज गुरागाँई , बचत तथा ऋण सहकारी संघका वरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओली , कर्णाली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठ , माँ पाथीभरा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अम्बिर लिङ्देनले पनि सहकारीमाथि प्रहार भइरहेकोमा गुनासो गरेका थिए । संस्थाका अध्यक्ष हिमालयप्रकाश कन्दङ्वाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष विष्णुप्रसाद योङहाङ र संचालन सचिव मणिराज दंगालले गरेका थिए । त्यस अवसरमा जेष्ठ सदस्य , असल बचतकर्ता , असल ऋणी र उत्कृष्ट कर्मचारीहरुलाई सम्मान गरिएको थियो । जेष्ठ सदस्य कालुमाया कार्की तथा बचतकर्ता र ऋणीमा भाद्रलाल राजवंशी र रानी शाह कानुलाई सम्मान गरिएको हो । त्यस्तै उत्कृष्ट कर्मचारीको रुपमा चम्पा बराल, जशोदा कन्दङ्वा , अप्सरा खतिवडा र तुलसा बजगाँई सम्मानित भएका छन् । त्यस्तै सबैभन्दा बढी सदस्य विस्तार गर्ने बिर्तामोड सेवाकेन्द्र , धैरै ऋण असुली गर्ने चन्द्रगढी सम्पर्क केन्द्र र धैरै बचत संकलन गर्ने शनिश्चरे सेवाकेन्द्रलाई सम्मान गरिएको संस्थाका व्यवस्थापक डिल्लीराम न्यौपानेले जानकारी दिए ।

# बिर्तामोडका तीन वडाध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छोड्नुपर्ने




झापा(प्रस)। बिर्तामोड नगरपालिकाका तीनजना वडाध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पद छोड् नुपर्ने भएको छ ।

सर्वोच्च अदालतले वडाध्यक्ष र सदस्यलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न रोक लगाएपछि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका तीन जना वडाध्यक्षहरुले सो पद छोड्नु पर्ने भएको हो । बिर्तामोड २ का वडाध्यक्ष किशोरकुमार पौड्याल , वडा नं ९ का हरिप्रसाद चम्लागाँई र वडा नं १० दुर्योधन गुरुङ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका छन् । पौड्याल वीर अमरसिंह मावि बेलडाँगी , चम्लागाँई शहीद लक्ष्मी आधारभूत विद्यालय र गुरुङ महेन्द्रज्योति मावि सैनिकबजारका अध्यक्ष हुन् ।जनप्रतिनिधि एउटा विद्यालयको अध्यक्ष बन्नेभन्दा पनि वडाभित्रका सबै विद्यालयको अनुगमन र शैक्षिक व्यवस्थापनमा जिम्मेवार हुनुपर्ने सर्वोच्चले जनाएको छ ।

काठमाडौं महानगरपालिकासहित केही स्थानीय तहले कानुन बनाएरै वडाध्यक्ष वा निजले तोकेको सदस्यलाई व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी दिँदै आएका थिए ।काठमाडौं महानगरपालिकाले स्थानीय शिक्षा ऐन २०७५ लाई २०८० मा संशोधन गर्दै सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य विद्यालय व्यवस्थापन समिति अध्यक्ष रहने व्यवस्था गरेको थियो ।

उक्त निर्णय बदरको माग राख्दै १७ विद्यालयका व्यवस्थापन समिति अध्यक्ष २०८० भदौमा सर्वोच्च गएका थिए । त्यतिबेलै रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले काममा फर्कन उनीहरूलाई आदेश दिएको थियो । बर्खास्त गर्नुअघि सुनुवाइ र सफाइको मौका दिनुपर्ने अदालतको तर्क थियो । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको रिटमा अन्तिम सुनुवाइ गर्दै प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशनमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको संवैधानिक इजलासले वडाध्यक्षलगायत जनप्रतिनिधि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न नसक्ने फैसला गत साउन १६ मा गरेको थियो । फैसलाको पूर्णपाठ मंगलबार सार्वजनिक भएको हो ।

सर्वोच्चको उक्त फैसलापछि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेका वडाध्यक्षहरुका विषयमा छलफल गरिने बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले बताए । उनले भने, ' सर्वोच्चको उक्त फैसला काठमाडौं महानगरपालिकामा मात्र लागु हुने हो कि देशैभरि लागु हुन्छ त्यो अबस्था हेरेर निर्णय गर्छौं ।' सर्वोच्चले देशैभरिका जनप्रतिनिधिले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न नपाउने फैसला गरेको खण्डमा आफू सो पद छोड्न तयार रहेको बिर्तामोड- २ का वडाध्यक्ष पौड्यालले प्रतिक्रिया दिएका छन् ।

# बारको स्थापना दिवसमा कार्यक्रम

भद्रपुर(प्रस) । नेपाल बार एशोसिएसनको ६८ औ तथा झापा बारको ५९ औं स्थापना दिवस कार्यक्रम गरी मनाइएको छ । एशोसिएसनको सभाहल चन्द्रगढीमा शुक्रवार आयोजना गरिएको कार्यक्रमको जिल्ला अदालत झापाका मुख्य न्यायाधीश उमेशप्रसाद लुईटेलले उद्घाटन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि लुईटेल, जिल्ला न्यायाधीवक्ता रुद्रप्रसाद आचार्य एशोसिएसनका पूर्व केन्द्रीय उपाध्यक्ष अशोककुमार पोखरेल, वरिष्ठ अधिवक्ता गजेन्द्र आचार्य ,कानुन व्यवसायीहरु यज्ञलक्ष्मी चौलागाई, टंकप्रसाद दंगाल, बसन्त नेपाललगायतले मन्तव्य राख्दै न्यायिक निकाय निष्पक्ष रहनु पर्नेमा जोड दिए । नारायणप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रको सञ्चालन सचिव सन्तोष प्रसाईँ र स्वागत मन्तव्य उपाध्यक्ष भीम बरालले गरेका थिए ।



# एनआरटी झापा कपको फाइनलमा



बिर्तामोड(प्रस) । न्यु रोड टिम (एनआरटी) झापाको बिर्तामोडमा संचालन भइरहेको झापा कपको फाइनलमा प्रवेश गरेको छ ।

जितसँगै इलाम गोल्डकपको विजेता एनआरटीले लिग विजेता चर्च ब्वाइज युनाइटेडसँगको फाइनल खेलमा भेट पक्का गरेको छ ।

एनआरटीले इटहरीको राष्ट्रिय जागृति क्लबलाई टाइब्रेकरमा ३-० गोल अन्तरले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेको हो ।खेलको ९० मिनेटसम्म गोलरहित बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट भएको थियो ।

टाइब्रेकरमा एनआरटीका एञ्जल महर्जन, कृतिश छुञ्जु र अभिषेक लिम्बूले गोल गर्न सफल भए । जागृतिका कप्तान प्रवेश दनुवार र सविन घिमिरेको प्रहार गोलरक्षक विशाल सुनारले विफल बनाएका थिए भने विदेशी खेलाडी एलेक्सको प्रहार बारमा लागेर बाहिरिएको थियो ।

यसअघि खेलको ४२ औँ मिनेटमा एनआरटीका अञ्जन विष्टको प्रहार जागृतिका गोलरक्षक निरज चौधरीले बचाए । ७६ औँ मिनेटमा शिशिर लेखीले डिबक्समा पाएको पासलाई फ्रेममा पार्न सकेनन् । ८३ औँ मिनेटमा नेमारको क्रसमा लेखीको हेडर गोलरक्षक चौधरीले पञ्च गरेर बचाए ।

जागृतिका लागि ५० औँ मिनेटमा खमिर गिल्सन कन्दङवाको कडा प्रहार एनआरटीका गोलरक्षक विशाल सुनारले पञ्च गरेर बचाए । ८२ औँ मिनेटमा योगेन्द्र कार्कीले २५ यार्ड टाढाबाट गरेको प्रहार फ्रेममा पर्न नसक्दा खेलको निर्णयको लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो ।

घम्साघम्सीपूर्ण खेलमा रेफ्री प्रज्ज्वल क्षेत्रीले आठवटा पहेँलो कार्ड देखाएका थिए । जागृतिका चार र एनआरटीका चार खेलाडीले पहेँलो कार्ड पाएका हुन् ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम एनआरटीका गोलरक्षक सुनार भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।

प्रतियोगितामा नेपाल र भारतका १० टिमको सहभागिता रहेको थियो । आयोजक झापा-११ सहित भारतको जिटिए दार्जिलिङ, गोर्खा ब्वाइज रुपन्देही, एलएक्स सिटी मोरङ, राष्ट्रिय जागृति क्लब इटहरी, सलहेश युथ क्लब सिरहा, त्रिभुवन आर्मी फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, एनआरटी क्लब काठमाडौँ र चित्लाङ एफसी काठमाडौँ सहभागी भएका थिए ।

प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन् । प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रतियोगिताको एकजना सर्वोत्कृष्ट खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए ।

# जनकपुर बोल्ट्सलाई एनपीएलको उपाधि




झापा(प्रस) । लाहिरु मिलान्थाको शानदार ब्याटिङमा जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको उपाधि जितेको छ । मिलान्थाको ८७ रनमा जनकपुरले शनिबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा भएको फाइनल खेलमा प्रमुख दाबेदार सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले स्तब्ध पारेको हो । जनकपुरले १ सय ८५ रनको लक्ष्य ४ बलअगाडि पूरा गरेको हो । पावर प्लेको ६ ओभरमा ७१ रन जोडेको जनकपुरले पहिलो १० ओभरमा १ सय ५ रन जोडेर लक्ष्यतिर लम्किएको थियो ।

मिलान्थाले ३१ बलमा आफ्नो अर्धशतक पूरा गरेका थिए । मिलान्था ६५ रनमा भएको समयमा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले कट एन्ड बोल्डको मौका गुमाएका थिए । मिलान्थाले ४९ बल खेली ९ चौका र ४ छक्का प्रहार गरे । मिलान्थाले एनपीएलको पहिलो खेलमा विराटनगर किंग्सविरुद्ध ५३ बलमा अविजित ७५ रन बनाएका थिए ।

मिलान्थाले आसिफ शेखसँग ७ ओभरमा ७७ रन जोडेर जनकपुरलाई उत्कृष्ट सुरुवात दिलाएका थिए । प्रतियोगितामा खासै जम्न नसकेका आसिफले १९ बल खेली ४ चौका र २ छक्कासहित ३३ रन बनाए । मोहम्मद मोहसिन ८ बलमा ९ रन बनाई आउट भए । जिम्मी निसम ४ र आकाश त्रिपाठी २ रनमै आउट भए । हर्ष ठाकर ३० र विजयी रन बटुलेका मयन यादव २ रनमा अविजित रहे । ठाकरले २४ बल खेली २ छक्का प्रहार गरे । दीपेन्द्रले ४ ओभरमा ४० रन खर्चेर १ विकेट लिए । जैब, इशान पाण्डे र स्कट कुग्लेनले १-१ विकेट लिए ।

सैफ जैब र विनोद भण्डारीको शतकीय साझेदारीपछि टस जितेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले ९ विकेट गुमाई १ सय ८४ रन बनायो । जैब र विनोदले पहिलो विकेटमा १२ ओभरमा १ सय १७ रन जोडेपछि सुदूरपश्चिमले विशाल स्कोर बनाएको थियो ।

जैबले ३३ बलमा अर्धशतक पूरा गरेपछि सुदूरपश्चिमले पहिलो १० ओभरमा बिनाक्षति ९७ रन बनाएर आक्रामक सुरुवात गरेको थियो । १३ औं ओभरमा जैबले ६२ रनमा जीवनदान पाएका थिए । किशोर महतोको बलमा उनले लङअनमा गरेको प्रहार शेर मल्लले क्याच छोड्न पुगेका थिए । सोही ओभरमा किशोरले जैबलाई ६९ रनमा आउट गरेका थिए । जैबले ४३ बल खेली ८ चौका र २ छक्का प्रहार गरे । अर्को ओभरमा ललित राजवंशीले अर्का ओपनर विनोद भण्डारीलाई बोल्ड गरे । विनोदले ३१ बल खेली १ चौका र ३ छक्कासहित ४१ रन बनाए ।

हरमित सिंह ८ बलमा १ छक्का प्रहार गर्दै १४ रनमा आउट भए । जिम्मी निसमले स्कट म्याकमुलेनलाई १४ रनमा बोल्ड गरे । उनले १२ बल खेली १ छक्का प्रहार गरेका थिए । मोहम्मद मोहसिनले एकै ओभरमा दीपेन्द्र र आरिफ शेखलाई आउट गरे । ७ बल खेलेका दीपेन्द्रलाई ९ र आरिफ १ रनमा आउट भए । स्कट कुग्लेन १० बलमा २ चौका प्रहार गरी १३ रनमा आउट भए । कुग्लेन र नरेश बुढाऐर (८) लाई किशोरले अन्तिम ओभरमा आउट गरे ।

किशोर र मोहसिनले ३-३ विकेट लिए । किशोरले ३ ओभरमा २५ र मोहसिनले ४ ओभरमा ४० रन खर्चे । जनकपुरका अन्य बलर हरूमाथि सुदूरपश्चिमका शीर्षपंक्तिको ब्याटिङ हावी भए पनि ललितले ४ ओभरमा १ मेडन राख्दै १५ रनमात्र खर्चेर १ विकेट लिए । निसमले ४ ओभरमा ४४ रन खर्चिएर १ विकेट लिए ।

दुवै टोलीले पछिल्लो खेल खेलेको टोलीबाट कुनै खेलाडी परिवर्तन गरेका थिएनन् । सुदूरपश्चिमले जनकपुरलाई क्वालिफायर १ मा र जनकपुरले कर्णाली याक्सलाई क्वालिफायर २ मा पराजित गरी फाइनलमा पुगेका थिए ।सुदूरपश्चिमले यसै प्रतियोगितामा जनकपुरलाई दुई पटक पराजित गरी फाइनलमा पुगेको थियो । राउन्ड रोबिन लिग खेलमा सुदूरपश्चिमले जनकपुरमाथि ७२ रनको विजय हात पारेको थियो । सुदूरपश्चिमलाई १२३-९ को स्कोरमा रोकेपनि जवाफमा आएको जनकपुर १२.१ ओभरमा ५१ रनमै अलआउट भएको थियो । यो स्कोर एनपीएलकै न्यून स्कोर रह्यो ।

जनकपुरलाई क्वालिफायर १ मा ८ विकेटले सहजै पराजित गरी सुदूरपश्चिम फाइनल पुगेको थियो । जनकपुरले क्वालिफायर २ मा कर्णाली याक्समाथि २ विकेटको विजय हात पारी सुदूरपश्चिमसँगको फाइनल भेट पक्का गरेको थियो ।

जनकपुरको जितसँगै खेलाडी र समर्थकहरूले त्रिवि क्रिकेट मैदानमा उत्सव मनाएका छन्। जितसँगै जनकपुर बोल्ट्सले १ करोड १० लाख नगद पुरस्कारसँगै ट्रफी हात पारेको छ । उपविजेता सुदूरपश्चिम ५१ लाख, तेस्रो भएको कर्णाली याक्स २५ लाख, चौथो भएको चितवन राईनोजलाई १५ लाख पुरस्कार पाएका छन्। यता नेपाल प्रिमियर लिगको उत्कृष्ट खेलाडी बन्दै सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्र सिंह ऐरीले कार जितेका छन्। एनपीएलको उपाधि जित्न चुकेका ऐरीले कार जितेका हुन्। उनले ओमोडा एण्ड जेइको ब्रान्डको ओमोडा गाडी जितेका हुन्। उनले ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरे।

त्यस्तै जनकपुर बोल्ट्सका ललित राजवंशीले मोटरसाइकल जितेका छन्। एनपीएलमा सर्वाधिक विकेट लिने नेपाली खेलाडी ललितले मोटरसाइकल जितेका हुन्।

# चार सय विद्यार्थीले गराए आँखा जाँच

कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको दुईवटा विद्यालयमा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ ।

शुक्रवार भएको शिविरमा दुई विद्यालयका ४ सय जना विद्यार्थीहरुले आँखा परीक्षण गराएका थिए ।

झापा गाउँपालिका वडा नं २ मा रहेको कुवाडी देवी माविका २४० जना र सनसाईन एकडेमी अंग्रेजी विद्यालयका १६० जना विद्यार्थीहरुको आँखा परीक्षण गरिएको थियो ।आँखा परीक्षणका क्रममा एक जना विद्यार्थीमा मोतियाविन्दुको समस्या देखिएको थियो । शिविरमा ५ जना विद्यार्थीलाई चस्मा बितरण गरिएको थियो भने १२ जनालाई रिफर गरिएको छ ।

रिफर गरिएका विद्यार्थीहरुमा औषधी राखेर चस्मा जाँच गर्नुपर्ने , आँखामा मांशपेसीको समस्या , उच्च पावर भएको , अल्छी आँखा , दृष्टि दोषलगायतका समस्या देखिएको झापा जेसीजका अध्यक्ष डा. मुकेश शाहले बताए ।

रोट्र्याक्ट क्लव सुरुङ्गाको आयोजना र झापा गाउँपालिका जेसीजको सहकार्यमा शिविर संचालन गरिएको थियो । शिविरमा प्राविधिक सहयोग मेची आँखा अस्पताल बिर्तामोडले गरेको थियो भने आर्थिक सहयोग आई केयर फाउण्डेसन काठमाण्डौको रहेको थियो ।

# उत्कृष्ट बन्दै पञ्चकन्या महिला सहकारी

बिर्तामोड(प्रस) । बिर्तामोडका गाउँटोलका महिलाहरुले मिलेर खोलेको पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्था उत्कृष्ट बन्दै गएको छ । बिर्तामोडमा ११ वटा महिला सहकारी संस्था रहेकोमा पञ्चकन्याले उत्कृष्ट पाँचौ स्थान लिन सफल भएको हो । महिलाहरुलाई संगठित गर्दै पञ्चकन्या सहकारी व्यवसायतर्फ उन्मूख भएको छ। मेची ग्यास , रासायनिक मल, बीउबिजनजस्ता व्यवसाय गरिरहेको संस्थाले बचत र ऋणको कारोबारसंगै सदस्यहरुलाई सुत्केरी उपचार राहत, मृत्यु राहत , स्वास्थ्य राहत , बाल बचत , सहुलियत कर्जा प्रवाह , सीपमूलक तालिम, अवलोकन भ्रमण , क्युआर सुविधा प्रदान गर्दै आएको संस्थाकी अध्यक्ष यादवकुमारी तिम्सिनाले बताइन् । संस्थाको २२ औं वार्षिक साधारण सभामा सहभागी सबै वक्ताहरुले पञ्चकन्याको प्रगतिको प्रशंसा गरेका थिए । संस्थाकी अध्यक्ष तिम्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई , नगरपालिकाका पूर्व सहकारी अधिकृत डिल्ली दाहाल, वडा नं ३ का वडाध्यक्ष मदन बुढाथोकी, सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुवास भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा वार्षिक प्रतिवेदन अध्यक्ष तिम्सिना र लेखा परीक्षण समितिको प्रतिवेदन लेखा संयोजक दुर्गादेवी चुडालले प्रस्तुत गरेका थिए । त्यस अवसरमा जेष्ठ नागरिक रुक्मिणा ओली , असल बचतकर्ता राधिका गिरी र असल ऋणी निर्मला थापालाई नगदसहित सम्मान गरिएको थियो । संस्थाकी सदस्य गिता निरौलाले स्वागत गरेको कार्यक्रमको संचालन उपाध्यक्ष नैनकला ढकालले गरेकी थिइन् । आर्थिक वर्ष २०७९-०८० मा १० लाख १० हजार ७८१ रुपैयाँ नाफा कमाएको संस्थाले २०८०-०८१ मा १० लाख ९६ हजार ३५१ रुपैयाँ कमाउँदै नाफामा बृद्धि गरेको छ । ५६५ जना शेयर सदस्य रहेको संस्थाको शेयर पुँजी १ करोड २३ लाख ३५ हजार ६०० रुपैयाँ छ । त्यसलाई आगामी वर्ष बढाएर १ करोड ५० लाख रुपैयाँ पुर्याउने लक्ष्य रहेको व्यवस्थापक संगीता राजवंशीले जानकारी दिइन् ।

## आश्रम...

त्यस्तै खरिद गरिएको जग्गामै पुगेर अर्जुनधारा ११ की राधादेवी गिरी तथा इन्दिरा गिरीले पनि आर्थिक सहयोग गरेका छन् ।

राधादेवी तथा इन्दिराले अभियानका अध्यक्ष गणेश ढुङ्गानालाई अमेरिकाबाट पठाइएको रकमसहित हस्तान्तरण गरेका हुन् ।

राधादेवीले ५१ हजार र इन्दिराका छोरा हाल अमेरिकामा बस्दै आएका संजयदेव गिरीले पठाएको १३ हजार ४४७ रुपैंया प्रदान गरेकी थिइन् । साथै इन्दिराले आफ्ना स्वर्गीय ससुरा बमबहादुर गिरी र स्वर्गीय सासु पदमकुमारीको सम्झनामा उक्त रकम सहयोग गरिएको बताइन् ।




# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

**विर्तामोड-५, झापा**

## धितो लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(धितो लिलाम विक्रीको सूचना प्रथम पटक प्रकाशित मिति २०८१।०९।७ गते)

यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित ऋणीहरुले तपशिलको ऋण उपभोग गर्नु भएकोमा ऋणीहरुले यस संस्थासँग गरेको सम्झौता वमोजिम तिर्नु पर्ने सावाँ, व्याज र अन्य दस्तुर संस्थामा नतिरी नबुझाई ऋण लिँदाका बखतको कबुलियत उल्लङ्घन गर्नुभएको हुँदा उल्लेखित रकम तिर्न ऋणीहरुलाई पटकपटक मौखिक, लिखित तारताकेता गर्दा समेत भुक्तानी गर्नुपर्ने रकम भुक्तानी नगरि आलटाल गरी सम्झौता उल्लघंन गर्नु भएको र कर्जा तिर्न बुझाउन आउनु भनी तपशिल बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तपाई ऋणीहरुले संस्थालाई तिर्नु पर्ने ऋण चुक्ता नगरेको हुँदा सहकारी ऐन २०७४ एवं नियमावली २०७५, र प्रचलित कानून अनुसार ऋणीले ऋण लिँदाका बखत संस्थालाई लेखाईदिएको तपशिल बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम विक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा यो ३५ दिने सूचना ऋणी तथा सम्बन्धित सबैका लागि प्रकाशित गरिएको छ । उक्त ऋणमा लेखाई दिएको तपशिलको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरी संस्थाले आफ्नो ऋण असुल उपर गर्नुपर्ने भएको हुँदा जग्गा लिलामीको सर्त बन्देज स्वीकार गर्न ईच्छुक संघसंस्था तथा व्यक्तिहरुलाई कम्तिमा न्यूनतम मूल्य नघट्ने गरी डाक बढाबढको लागि यो सूचना प्रकाशन भएको ३५ दिनभित्र कार्यालय समय ४ बजे सम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ । उक्त धितोले यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा राखी निजहरुको अन्य जायजेथा वा एकाघर परिवारको नाममा रहेको जायजेथाबाट समेत असुल उपर गरिनेछ ।

तपशिल

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | ऋण विवरण | कर्जा तिर्न आउने बारेको सूचना |
|---|---|---|---|---|
| १. | नाम : सिता सुवेदी आचार्य,<br>ठेगाना : अर्जुनधारा ५, झापा<br>ना. प्र. नं. : ०४-०१-७२-१०५५५<br>बाबुको नाम : शिवलाल सुवेदी<br>बाजेको नाम : हिमलाल सुवेदी<br>पतिको नाम : टंक प्रसाद आचार्य | जग्गाधनीको नाम : सिता सुवेदी आचार्य<br>जग्गाधनीको बुबाको नामः शिवलाल सुवेदी<br>बाजे/पतिको नामः हिमलाल सुवेदी/टंकप्रसाद आचार्य<br>जग्गा रहेको ठेगाना : धुलाबारी १, झापा<br>कित्ता नं. : ३४४६,क्षेत्रफल : ६७७.२६ ब.मि. | ऋण लिएको मिति : २०७८/०४/१२<br>पारिवारिक जमानत दिनेको<br>नाम : टंकप्रसाद आचार्य<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम<br>१४,६६,२३३।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८१-०६-०५ |
| २. | नामः सुमन सुब्बा<br>ठेगाना : बिर्तामोड ३, झापा<br>ना. प्र. नं. :८५२४२४७२<br>बाबुको नाम :इन्द्रध्वज लिम्बु<br>बाजेको नाम : बहादुर लिम्बु<br>पतिको नाम :मानबहादुर प्रधान | जग्गाधनीको नाम :नन्दलाल प्रधान<br>जग्गाधनीको बुबाको नाम :जितबहादुर प्रधान<br>बाजेको नाम : खड्गबहादुर प्रधान<br>जग्गा रहेको ठेगाना :डाँगीबारी ८,<br>कित्ता नं. :४४२५ क्षेत्रफल : २७०९.०४ ब.मि. | ऋण लिएको मिति : २०७६/१२/०४<br>पारिवारिक जमानत दिनेको<br>नाम : नन्दलाल प्रधान<br>नाम : मानबहादुर प्रधान<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम<br>१०,२८,०१५।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८०-१२-२५<br>तेस्रो पटक प्रकाशित<br>मिति :२०८०-१२-२५ |
| २. | नाम : मोहन राजवंशी,<br>ठेगाना : कन्काई ९, झापा<br>ना. प्र. नं. : ३२३५१७३९<br>बाबुको नाम : कुसुमलाल राजवंशी<br>बाजेको नाम : कालसिंह राजवंशी<br>पत्नीको नाम : साबित्राकुमारी राजवंशी | जग्गाधनीको नाम : मोहन राजवंशी<br>जग्गाधनीको बुबाको नाम : कुसुमलाल राजवंशी<br>बाजेको नाम : कालसिंह राजवंशी<br>जग्गा रहेको ठेगाना : दमक १<br>कित्ता नं. : ११२८२,क्षेत्रफल : २०३.१५ ब.मि. | ऋण लिएको मिति : २०७८/०१/१०<br>पारिवारिक जमानत दिनेको<br>नाम : सावित्राकुमारी राजवंशी<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम<br>३२,८३,१९१।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८०-०४-०७<br>दोस्रो पटक प्रकाशित<br>मिति :२०८०-१२-२५ |
| ४. | नाम : जीबन श्रेष्ठ<br>ठेगाना : बिर्तामोड ३<br>ना. प्र. नं. :०१२८२७२२<br>बाबुको नाम : बालकुमार श्रेष्ठ<br>बाजेको नाम : दुर्गा ब. श्रेष्ठ | जग्गाधनीको नाम : जीवन श्रेष्ठ<br>जग्गाधनीको बुबाको नाम : बालकुमार श्रेष्ठ<br>बाजेको नाम : दुर्गा ब. श्रेष्ठ<br>जग्गा रहेको ठेगाना : गरामनी २<br>कित्ता नं. : ३१३क्षेत्रफल : ६९२.१९ ब.मि. | ऋण लिएको मिति : २०७८/१२/३०<br>पारिवारिक जमानत दिनेको<br>नाम : बालकुमार श्रेष्ठ<br>ऋण बापत बुझाउनुपर्ने जम्मा रकम<br>१९,६४,२०२।- | प्रथम पटक पत्रिकामा प्रकाशित<br>मिति : २०८१-०६-०५ |

लिलाम बोलपत्र सम्बन्धी शर्तहरु संस्थाको ऋण नीतिमा उल्लेख गरिएको धितो लिलामी सम्बन्धी व्यवस्था अनुसार हुनेछ ।

शर्तहरु तथा जग्गाको न्यूनतम मूल्यको बारेमा कार्यालयमा सम्पर्क गर्नुहोला ।

**ऋण असुली समिति**

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.**

**विर्तामोड ५, झापा, फोनं. ०२३-५३६७०५**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मजदुरको डर !

• मणिराम भट्टराई



म मजदुर
परिश्रम बसाउने शरीर बोकेर
म लडी नै रहेछु
म हाड घोटी नै रहेछु
मलाई जिउन डर लागेन
तर
थाहा पाउँदा पाउँदै पनि
मृत्यु जीवनको एक्लो सत्य
मर्न मलाई डर नै लाग्छ
कतै अर्को जन्ममा पनि मजदुरै पो जन्मिन्छु भनेर

मलाई सरकार र ईश्वरसँग पनि
खासै लगाव छैन
ऊ एक्लै बस्ने महललाई
मैले इँटा जोडिदिएँ
मैले छानो तुर्दिएँ
मैले रङ रोगन गरिदिएँ
मैले संगमरमर बिछ्याइदिएँ
गएको चैते हुरीमा
उसको बगलकै
मेरो घरको छाना उडायो
त्यस रात मेरो ६ जनाको परिवार
चन्द्रमा ओढेर सुत्यो
न राज्यले दैलो उघाऱ्यो
न देउताले।

## पाप कि पुण्य



• जिबी मगर

‘मन्दिर’ शब्द सुनेपछि
मनै आह्लादित हुने गर्थो
शान्ति अनुभूत गर्ने पवित्र स्थल

अन्तर्मनले सोच्ने गर्थें
शान्ति मिल्ने देवस्थल
पवित्र देवभूमि
तपोवन/तपोभूमि
धर्म कर्मको स्थल हो मन्दिर

घुम्दै गर्दा जिन्दगीको ब्रह्माण्ड
धेरै मठमन्दिरको दर्शन मिलेको छ

मन्दिरमा हुने मानव क्रूरताले
ती अनपेक्षित् दृश्यहरूले
द्रवीभूत बनाई दिएको छ मलाई

जहाँ देवी/देवताको नाम जप्छन्
मनोकांक्षा अनुसार वर माग्छन्
मन्दिर भित्र रहेको मूर्तिलाई
देवताको नाम लिएर
पशु/पंक्षीहरूको बली चढाउँछन्
रगतको धाराले मूर्तिलाई नुहाइदिन्छन्

तब सन्देह छ मलाई
मन्दिर- पूण्य कमाउने पवित्र देवस्थल हो ?
अथवा
मन्दिर- पाप गर्ने वधशाला हो ?

# हाँस्न र रुन आमा चाहिन्छ!



• गणेशप्रसाद भट्टराई

फोनको घण्टी बज्यो, ‘हेलो, हजुर के गर्दै हो?’

फोनको घण्टी बज्ने बित्तिकै अखिलेश शौचालयमा पस्यो। उसकी श्रीमती उत्पत्तिका ओछ्यानमा अर्कापट्टि फर्की। उत्पत्तिकालाई ‘मल्टिपल माइलोमा’ भएको दुई वर्ष जति भयो। डाक्टरको सल्लाहमा उसको घरैमा उपचार भइरहेको छ। उसलाई खान, बस्न लगायतका हरेक काममा अखिलेशले नै सहयोग गर्छ।

उनीहरूकी एउटी छोरी छ। भर्खर दुई कक्षामा पढ्छे। फोन आएपछि प्रायः अखिलेश शौचालयमा जान्छ। त्यसैले उत्पत्तिका त्यति वास्ता गर्दिन। उसलाई कता-कता आफूले लोग्नेको चाहना पूरा गर्न नसक्दा लोग्नेले अरू कुनै महिलासँग सामीप्य जोडेको छ कि भन्ने शङ्का लाग्छ तर केही भन्दिन। आफूलाई यति धेरै सहयोग गरेको छ, लोग्नेसँग के झगडा गर्नु भन्ने सोच्छे।

उसको एक मनले त यति लामो जिन्दगी काट्न लोग्नेले अर्को बिहे गर्नुपर्छ भन्छ। आफू अशक्त हुँदा आफ्नै सौता बनेर कोही आउँछ र लोग्ने र आफूले जन्माएकी छोरीलाई माया गर्छ भने ऊ सहन तयार छ।

‘के गर्नु र! उनकै स्याहारसुसारमा छु। तिम्रो फोनले उनलाई पीडा होला। सँगै बसेर सबै कुरा भन्न पनि भएन,’ अखिलेशले सानो स्वरमा उत्तर दियो।

‘मैले कति चोटि भनिसकेँ, अर्को बिहे गर्नुहोस् भनेर। माइलोमा भएको मानिसको आयु धेरै हुँदैन। बिस्तारै उसलाई बिर्सेर आफ्नो जीवनको याद गर्नुपर्छ। तपाईँसँग सम्पत्ति जति पनि छ, जो पनि आउँछन्। म खोजिदिऊँ?’ फोनको आवाज थियो यो।

‘हैन के-के भन्न सकेको हो तिमीले?’ मैले उत्पत्तिकालाई बिहे गरेर ल्याएको हुँ। मन पराएर बिहे गरेको हुँ। अहिले बिरामी पर्दैमा मैले अर्को बिहे गरिहाल्नुपर्छ। म त तिम्रो कुरै बुझ्दिनँ।’

‘मैले त्यसो भन्न खोजेको होइन। मेरी बहिनी माइलोमाकै डाक्टर हो क्या। उसले हजुरकी श्रीमतीको रोगका बारेमा सबै कुरा भनेकी छ मलाई। मसँग त हजुरलेले बिहे गर्न सक्नुभएन। मान्नु पनि भएन। कति मन पराउँथेँ म। तपाईँले लत्त्याउनुभयो तर म त अझै उत्तिकै माया गर्छु। हजुरको जिन्दगी बिग्रेको म हेर्न सक्दिनँ क्या,’ उसले अखिलेशलाई सम्झाउने स्वरमा भनी।

‘मैले अहिले अरू केही सोचेको छैन। म उत्पत्तिकालाई जीवनको अन्त्यसम्म साथ दिन्छु। यसमा तिमी मलाई नभड्काऊ। म तिमीलाई पनि असल साथी नै ठान्छु। त्यस्तै भयो परिवार, संस्कारका कारण हाम्रो बिहे हुन सकेन। त्यसमा मेरो मात्र दोष छैन। अहिले मैले जसरी पनि उत्पत्तिकालाई सहयोग गर्नुपर्छ। बचाउनुपर्छ। मैले यति मात्र सोचेको छु,’ अखिलेशले फोनमा बिस्तारै कुरा गऱ्यो।

‘अहिले कस्तो छ त उनलाई?’ उसले उत्पत्तिकाका बारेमा बुझ्न चाही।

‘के हुनु र? शरीरमा जाँगर छैन। हड्डी पोल्छ भन्छिन्। डँडाल्नु, छाती, पुट्ठा सब पोल्छ रे। उठ्नै गाह्रो हुन्छ। म त यसो सघाउँछु। म नहुँदा त उनलाई कति गाह्रो हुन्छ। कहिलेकाहीँ दिसा लाग्दैन। खान पनि मन गर्दिनन्। खै के भएको हो! कति गाह्रो हुँदो हो उनलाई,’ यति भनेर उसले फोन राखिदियो।

‘उत्पत्तिका ओछ्यानमा पल्टिएकै थिई। अखिलेश छेउमा पुग्यो। निधारमा हात राख्यो। जरो आएजस्तो थियो। उसले सोध्यो, के खान्छ्यौ? कुरिलो छ। गोलभेँडा राखेर झोल बनाइदिऊँ?’

उसले कोल्टो फर्कँदै हुन्छ भनी।

अखिलेशले कुरिलाको झोल बनायो र लिएर गयो। उत्पत्तिकाले अखिलेशलाई देख्नासाथ ‘ए भाइ, कतिखेर आइपुगिस्?’ भनी र उठ्न खोजी।

माइलोमा भएका मानिसलाई कुनै-कुनै बेला भ्रम हुन्छ रे। उसलाई पनि भाइ आएको भ्रम भएछ।

अखिलेशले ‘हैन, म पो आएको त, भाइ खै कहाँ छन् र? यी यो झोल खाऊ’ भन्दै कपमा झोल दियो। ऊ करैले उठी र चम्चाले दुईचार सुरूप झोल खाई। अनुहार केही हँसिलो भयो।

‘कस्तो छ त अहिले तिमीलाई?’ अखिलेशले उत्पत्तिकाको हात समाउँदै भन्यो।

‘खै के भन्नु र? मैले गर्दा हजुरले काम गर्न पनि पाउनुभएन। खालि थकाइ लाग्छ। यी यहाँ हेर्नु न आज त खटिरा पो निस्किए त। वजन पनि घट्यो मेरो। कमजोर जस्तो महसुस भएको छ। तिर्खा चाहिँ कति लाग्छ लाग्छ। पिसाब रोकिएजस्तो हुन्छ कुनै कुनै बेला। खै मरिन्छ कि क्या हो सानीका बा! अनि कसको फोन आएको अघि? कसैलाई गाह्रो पऱ्यो कि क्या हो?’ उत्पत्तिकाले जान्न चाही।

‘हैन’ अखिलेश अलिक हच्कियो।

‘भन्नुहोस् न हजुर! मलाई थाहा छ, अब म धेरै बाँच्दिनँ। छोरी सानी छ। यसलाई हुर्काउनु छ। छोरी भने पनि, छोरो भने पनि यो हजुर र मेरो रगत हो। म मरेँ भने यसको बिजोग हुन्छ। त्यो सधैँ फोन गर्ने मान्छेले हजुरलाई मन पराएको हो? त्यसो हो भने हजुर त्योसँग बिहे गर्नुहोस्। म आशीर्वाद दिएर, छोरी जिम्मा लगाएर जान्छु। हजुरलाई पनि साथ हुन्छ। म त भार मात्र भएँ।’

ऊ भक्कानिएर रुन थाली। अखिलेशले केही नबोली आँसु पुछिदियो। धेरै बेर रोएपछि ऊ सम्हालिई।

अखिलेशले उत्पत्तिकाको शिर आफ्नो काखमा राख्यो र भन्न थाल्यो, ‘सानु! सुन, तिमीलाई चाहेर रोग लागेको होइन। रोग सबैलाई लाग्छ। तिमीलाई रोग लाग्दा मलाई पनि दुख्छ तर तिमी बिरामी हुँदैमा मैले अर्को बिहे गर्नुपर्छ र? त्यो केटी मेरो कलेज पढ्दा कि साथी हो। हामी साह्रै मिल्थ्यौँ। बिहे गर्ने कुरा पनि भएको थियो। हाम्रो जात र पारिवारिक कुरा नमिलेकाले घरकाले मानेनन्। हामी भाग्न सकेनौँ। अहिले उसको पनि बिहे भइसक्यो। हामी दुवैले बुझ्यौँ। ऊ मलाई अर्को बिहे गर् भन्छे। मलाई त्यो कुरा मन पर्दैन।’

‘अनि त्यति कुरामा शौचालयमा गएर फोन गर्नुपर्छ त हजुरले?’

‘हैन। मैले तिमीलाई हाम्रो यो कुरा कहिल्यै सुनाउन सकिनँ। उसले गरेका कुरा सुनेर यस अवस्थामा तिमीलाई पिर पर्छ भनेर मैले तिमीले नसुन्ने गरी बोल्न खोजेको मात्र हो। मलाई तिम्रो यति माया लाग्छ कि, म छोडेर कतै जान पनि सक्दिनँ। फेरि तिमीलाई छोडेर अर्को बिहे गर्ने कुरा त नसोच सानु। हाम्रो भागमा जे छ त्यही भोगौँला,’ यसो भन्दा ऊ पनि भक्कानियो।

उत्पत्तिकाका कोसबाट आँसु बगे। यही बेलामा फेरि फोन आयो।

अखिलेशले हेलो भन्नसाथ उताबाट आवाज आयो। आज ऊ फोन सुन्न शौचालय गएन। उसले फोनको आवाज उत्पत्तिकाले पनि सुन्न सक्ने बनायो।

ऊ भन्न थाली, ‘अहिले कस्तो छ त उनलाई? अब लुकेर फोन नगर्नुहोस् है, सबै कुरा उनलाई भनिदिनुहोस्, मैले हजुरसँग बिहे गर्न चाहेको होइन। मेरी बहिनीले भनेअनुसार त्यस्तो लक्षण देखिएपछि जीवन लामो हुँदैन। हजुरकी छोरीको हेरचाह गरेर बढाउन पढाउन बाँकी नै छ। यदि केही भइहाल्यो र बिहे गर्ने मन भयो भने मेरी बहिनी हजुरसँग बिहे गर्न तयार छ। मैले पनि आफूले माया गरेको मानिस आफूले नपाए पनि बहिनीले पाउँछे भनेर मात्र बिहे गर्नुहोस् भनेर जिस्काएकी नि! श्रीमतीलाई सबै कुरा भन्नुहोस् है। कहिलेकाहीँ त भन्ने समय पनि हुन्न नि!’

यो सुन्नासाथ उत्पत्तिकाले फोन खोसी र भन्न थाली, ‘दिदी, तपाईँले मेरो मन कसरी बुझ्नुभयो? मेरो मनको कुरा बोलिदिनु भयो तर मेरो श्रीमान् यो कुरा सुन्न मान्नुहुन्न। म त रहन्नँ दिदी, हाम्रो सन्तानलाई असल बनाएर हुर्काउनु छ। उसलाई आमा चाहिन्छ। हाँस्न र रुन आमा चाहिन्छ। तपाईँले जसरी पनि तपाईँकी बहिनीलाई मेरी बहिनी बनाएर भित्र्याइदिनुहोस् दिदी! हामी सबैको कल्याण हुन्छ।’

‘हस्। म प्रयास गर्छु,’ उसले यति भनेर फोन काटी।

उत्पत्तिका अखिलेशको काखमा पल्टेर घुँक्क घुँक्क गर्न थाली। अखिलेशले उसको निधारमा हात राखिरह्यो। एकै छिनमा उसको आवाज रोकियो र सदाका लागि आँसुको मुहान नै बन्द भयो।

# यता केही गर्न नसके नेपाल फर्किएर राजनीति गरौँला !



• दिबस खनिया



हुन त यता राम्रै कमाइ छ। बैङ्कमा आइटी इन्जिनियरको जागिर छ। नेपालीमा हिसाब गर्ने हो भने उता वर्षमा हुने कमाइ यता महिनामा छ। घर-गाडी ठुलो कुरै भएन। कता खाने, के खाने? कता घुम्न जाने? त्यो पनि सामान्य नै हो।
तर पनि खुसी हुन गाह्रो छ। महिना सकिएपछि सबै विलासिताको बिल आउन थाल्छ। घरको बिल, गाडीको बिल, घुम्न गएको बिल, खाएको बिल।
जसरी राम्रो कमाइ छ त्यसरी नै राम्रै खर्च पनि। नेपालीमा हिसाब गर्ने हो भने उता वर्षमा हुने खर्च यता महिनामा।
सामान्य जीवन त चलेको छ। तर खै त कमाएको पैसा? यसको उत्तर आफैलाई थाहा छैन। जसरी आउँछ त्यसरी नै जान्छ।
हेर्दा अमेरिकामा आइटीको काम गरेको छ। महिनामा यति कमाउँछ होला। वर्षमा यति। महँगो गाडी चढेको छ। कहिले कहाँ पुगेको छ। कैले कता। लुगा पनि चिटिक्क छ। चट्ट हेर्दा जिन्दगी दामी छ।
यता विलासिताको उपयोग गर्न गाह्रो छैन। सामान्य मानिस पनि यसको उपयोग गरिरहेका छन्। महँगो ठाउँमा पुगेर खाएका छन्।
जब महिना सुरु हुन्छ अनि सुरु हुन्छ महिनाभर उपयोग गरेका विलासिताको असुली। जति धेरै कमाइ त्यति धेरै खर्च। अनि त्यति धेरै असुली।
मानिस न हो। जे छ त्यसमा सन्तुष्टि हुन कहाँ सक्छ र? नेपाल हुँदा विदेशको मोह। विदेश आएपछि नेपाली मोह।
पैसा नहुँदा पैसाको मोह। पैसा कमाउन थालेपछि पैसा कमाउने सजिलो बाटोको मोह।

कहिलेकाहीँ त लाग्छ यति धेरै दुख केका लागि? दुख नै नगरी पैसा कमाउने ठाउँ कहाँ होला? बसिबसी पैसा कमाउन पाए?
अनि यसो हेरेँ नेपाली नेताको जीवनशैली। त्यस्तो व्यवसाय त नेपालमै छ त। राजनीतिक व्यवसाय।
यता यति दुख गरेर राम्रै कमाउँदा पनि महिनाको सुरुमा आउने बिलको चाङले मनै कटक्क हुन्छ। उता दुखै नगरी रोपनीका रोपनी कम्पाउन्ड भित्रका ती महल कसरी ठडिएका होलान्? करोडौँ करोड पर्ने ती गाडी कसरी गुडेका होलान्?
अनि त्यो देखेर यता यसरी पैसा कमाउन पनि अल्छी लागेर आउन थाल्यो। दुखै नगरी करोडका करोड पैसा कमाउने ठाउँ नेपालमा हुँदाहुँदै किन विदेशमा आएर यसरी दुख गरिएको होला भनेर पछुतो पनि लाग्न थाल्यो।
आजकल त मैले एउटा संकल्प गर्न थालेको छु। यता केही गर्न नसके नेपाल फर्किएर राजनीति गर्ने। जुन ट्रेन्ड नेपालमा राम्रै बिकेको पनि छँदै छ।
किन फर्किस् भन्दा देशको मायाले भनेपछि जनताको मन पनि जितियो। राजनीतिमा पनि बिकियो।
यता २० वर्षसम्म पनि जीवन यसरी नै चल्ने हो। यसो १-२ वर्ष नेपाल गएर दुख गरियो भने त कसो नजमिएला?
यता जे गरेर जसरी फर्किए नि नेपालमा गफैले बिक्ने हो। यता २० वर्षमा कमाइने पैसा उता दुई वर्षमा कमाइन्छ भने किन छोड्ने त्यति राम्रो अवसर? आखिर यता पनि अवसरको खोजीमै आएको त हो।
फाइदामूलक व्यवसाय खोज्ने नै हो भने नेपालको राजनीतिक बजार जस्तो संसारमै सायदै छ। आफ्नै देशमा त्यति राम्रो व्यवसाय हुँदाहुँदै विदेश हानिने हामी नेपाली पनि उस्तै।
अझै पनि केही बिग्रिसकेको छैन। विदेश आएर राजनीतिक योग्यता बढाइएकै छ। पहिला पहिला ढुङ्गामुडा हानेर योग्यता बढाए जस्तै। विदेशबाट फर्किएको भनेपछि हेर्ने नजर पनि छुट्टै।
विदेश बसेपछि नेपाल बस्नेहरू सोझा जस्तो देखिने। सबैलाई आफ्नो बसमा पार्न सकिन्छ जस्तो आत्मबल आउने।
विदेशमा यति कमाइ त्यागेर नेपाल फर्किएको भनेपछि सबै आफ्नै पछाडि लाग्छन् जस्तो लाग्ने।
नेपालीहरू भावनामा बहकिहाल्छन्। त्यही भावनात्मक कमजोरीको फाइदा उठाउँदै उक्त फाइदामूलक व्यवसायमा होमिने योजना बनाउँदै गर्दा राम्रै होला जस्तो लागिरहेको छ।
मैले त मेरो राजनीतिक योजना पनि तयार पारी सकेँ। आफू राजनीतिमा आएपछि सबैलाई विदेश जान प्रेरित गर्ने। विदेश गएर केही वर्ष बसेपछि पुनः नेपाल फर्कन लगाउने। त्यसपछि मैले जस्तै विदेश छोडेर फर्किएको भनेर राजनीति गर्न लगाउने। अनि त सबै मालामाल।
यही नै हो नेपालीलाई समृद्ध बनाउने एक मात्र सूत्र।
आफ्नै देशमा रहेको यति राम्रो फाइदामूलक व्यवसायको उपयोग त गर्नु नै पऱ्यो।

# एमालेमा जन सांस्कृतिक नेतृत्वको अभाव



• प्रा.डा.बद्रीविशाल पोखरेल

राष्ट्रिय जन सांस्कृतिक मञ्च (२०४४) हुँदै महासंघमा परिवर्तित संस्था सिद्धान्ततः देशव्यापी रुपमा फैलिएको भनिन्छ । यसको राष्ट्रिय सम्मेलन आगामी चैत्र १९,२० र २१ गते काठमाडौंमा हुनगइरहेको छ । यस संघमा विद्यमान शक्ति,सिर्जना, प्रतिभा र क्षमतालाई उचित रुपमा परिचालन गर्ने कार्य कुशलताका अगुवाहरुको अभाव देखिन्छ । त्यसैले यसका गतिविधि सतही देखिन्छन् । त्यसैले बहुआयामिक सिर्जनात्मक कार्यकुशलता र क्षमताका आधारमा यो कमजोर देखिन्छ । राम विनय अध्यक्ष रहको जनसाहित्यिक संघले काठमाडौंमा नियमित रुपमा वरिष्ठ सर्जकको एकल कविता वाचनलाई विस्तारित गर्नै सकिएको छैन । यस संस्थामा विविध विषय,क्षेत्र, विधा र विज्ञताका आधारमा महासंघअन्तर्गत ७ वटा घटक संस्थाहरु विद्यमान छन् । संस्कृतिविद् डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा लामो समय सुसञ्चालित तथा परिचालित यो संस्था बहुआयामिक रुपमा देशव्यापी रुपमा परिचालित थियो । रहरलाग्दो भरलाग्दो र आशलाग्दो संस्थाका रुपमा यो संस्था परिचालित हुँदै थियो । मेरुदण्ड बलशाली हुँदा मात्र शरीर ठिङ्ग उभिन सक्छ । चुरो दरिलो हुँदा मात्र सय वर्ष खडा हुन सकिन्छ । बहुआयामिक विधा र विषयगत गहन ज्ञान,अनुभव र आवश्यक विनम्रताले कुनै पनि व्यक्ति सबैको आकर्षणको केन्द्र हुन्छ । यस्ता व्यक्तित्वले मोर्चा पार्टी बाहिर रहेका सर्जक र कलाकारलाई आकर्षित गर्न सक्छ । एक पटक संस्थागत प्रमुख नेतृत्व गर्ने अवसर पाएको व्यक्तित्व अनवरत सांस्कृतिक उचाइलाई उन्नत बनाइरहन्छ । यो काम क अमुक नेता रिझाउन र केही पाउन मात्र गरिने धन्दा पनि यो होइन । उचाइमा पुगेपछि त्यस उचाइलाई बचाउन पनि गम्भीर पहल गरिरहनु पर्छ । तर नेता र मन्त्रीले टिपेक्स लगाएर इमान्दार स्रष्टा र कलाकारलाई प्रज्ञामा प्रवेश निषेध गरेपछि देशभक्त खनालहरुको मन बिथोलिन्छ । शीरमा लगाउने गहना घुँडामा पहिरेपछि यो क्षेत्र बिच्किएको छ । शीरदेखि तिरसम्म कार्यकर्ताको पहिचानका आधारमा बौद्धिक,प्राज्ञिक,सिर्जनात्मक सांस्कतिक नेतृत्व पूरै असम्भव छ । बुद्धि चलाउन बुद्धि नै चाहिन्छ, पाखुराले हुँदैन । लिखित वा मौखिक रुपमा राप,ताप र प्रताप राख्ने सर्जकहरु नभएका होइनन् तर तिनीहरु ओलीले भन्नु भएझैं समालोचनात्मक चेतका हुन्छन् । यसले गर्दा यस्ता प्रबुद्ध व्यक्तित्व प्रायः उपल्ला तहका नेताका आँखी हुँदा रहेछन् । मोर्चा संगठनका कुनै पदाधिकारी बन्न पनि अमुक नेताको ठाडो आशीर्वाद चाहिँदो रहेछ भन्ने म चाहिँ अहिले पो बुझ्दैछु । योग्यता, क्षमता र कार्यकुशलताका आधारमा उचित जिम्मेवारी पाइन्छ भन्ने भ्रम पालिएर अहिलेसम्म बसिएछ । अब त्यस्तो नभइदिए मिसन ८४ लाई सफल बनाउन निक्कै सहज हुन्थ्यो ।

एमाले नेता, महासंघका तत्कालीन अध्यक्ष वरिष्ठ कलाकार खगेन्द्र राई संस्कृति विभागको प्रमुख हुनुहुन्थ्यो । उहाँले विभागीय एक गहन र उच्च स्तरको कार्यपत्रसहित विमर्श कार्यक्रम गर्नु भएको थियो । यसमा नेताद्वय शंकर पोखरेल र प्रदीप ज्ञवालीका अत्यन्त गहन अनुसन्धानात्मक विषयपत्र सुनेर गदगद भइयो । तर आफ्नो कमजोरी लुकाउन घनश्याम भुसाल कार्यपत्र प्रस्तोतासहित सहभागी भएनन् । पठन, पाठन,अध्ययन र अनुसन्धान संस्कृतिको आरमभ र विकास गरे त्यसको आम रुपमा प्रभाव पर्थ्यो । महासंघअन्तर्गत घटक संस्थामा योग्य र दक्ष व्यक्तित्वहरु रहेछन् । लोकमणि पौडेल एक होनहार विषयविज्ञ सांस्कृतिककर्मी हुनुहुँदो रहेछ तर आफू ओझेल परिन्छ कि भन्ने भयानक भयले उहाँ जस्ता व्यक्तित्वहरु सदा छेउ कुना पारिँदा रहेछन् । वरिष्ठ सांस्कृतिक अभियन्ता सुदर्शन श्रेष्ठहरु अझै पनि निस्वार्थ भावनाले काम गरिरहेको सायद थाहा पनि छैन होला ।

महासंघले यसका उपाध्यक्ष तथा प्रसिद्ध स्रष्टा आर. सी. न्यौपानेका प्रधान सम्पादकत्वमा जबजको संस्कृति र सांस्कृतिक रुपान्तरणसित सम्बन्धित गहन कृति प्रकाशन गऱ्यो । न्यौपानेमा सिर्जनात्मक तथा रचनात्मक कर्म गरिरहने हुटहुटी देखिन्छ । यसका अध्यक्ष प्रेमनाथ अधिकारीका कार्यकालका केन्द्रीय गोष्ठीमा आम श्रोता सरह सहभागी हुन पाउँदाका तिक्त अनुभूति रहेका छन् । गोष्ठीमा प्रगतिशील सारतत्व नै उल्लेख नगरिएपछि त्यस्ता गोष्ठीको के माने र महत्व हुन्छ । यस्ता कार्यक्रमको प्रमुख अतिथि भएर आउनेमा अलिकति त थोरै ज्ञान हुनुपर्छ,जिरो छ । आदिकवि भानुभक्त आचार्यलगायत कविका सन्दर्भमा प्रगतिशील पक्षले उत्खनन् गर्नुपर्ने विषय धेरै छन् । भानुले लोकको हित भने,घाँसीको प्रेरणाको कुरा गरे, त्यति बेला पर्वते र खस भनी सर्वथा उपेक्षित नेपालीमा लयबद्ध कविता लेखे,पुष्पलालले नै भानुका बारेमा अभिव्यक्त प्रगतिशील विचार धारणा पढेको भए गुदी कुरा आउँथ्यो । देवकोटाका सिर्जनाको प्रतिशील पक्ष एकथोपो उल्लेख नगर्ने गोष्ठीको के काम ? यस क्षेत्रमा सर्वाङ्गीण दिग्दर्शन गर्ने उपल्लो तहको नेतृत्वको खडेरी देखिन्छ । अहिले एक समयका गीतकार तथा केन्द्रीय नेता हेमराज राई इन्चार्ज हुनुभएको छ । अब उहाँले के कसरी परिचालित गर्नुहुन्छ हेर्नुपर्छ । महासंघका महासचिव प्रसिद्ध संगीतकार अशोक राईको लगन महत्वपूर्ण देखिन्छ । कवि कलाकार आ-आफ्ना क्षेत्रमा अब्बल हुनु पर्छ र वैचारिक सैद्धान्तिक तथा सौन्दर्य शास्त्रीय विषयमा पनि मातहतलाई पित्र बुझाउने क्षमताको हुनु अपरिहार्य हुनछ । यस क्षेत्रमा नेतृत्वकै क्षमताकै अभाव देखिन्छ । घिसेपिटे पार्टी संगठन सञ्चालन गरेजस्तो यो क्षेत्र होइन । केन्द्र सुरुबुरु चले पनि प्रदेश र जिल्ला शून्य नै देखिन्छन् । कोशी प्रदेशमा महासंघ र यस अन्तर्गतका घटक संस्थाहरुको जीवित अस्तित्व स्रष्टाहरुले अनुभव गरेका छैनन् । एउटा निम्ताका भरमा सर्जक भेला भएर सिर्जनात्मक काम गर्छन् । त्यति काम गर्न नसक्ने स्रष्टाले संस्थाको नेतृत्व लिन किन रहर गर्छन् ? अचम्मै लाग्छ । सुनसरी जिल्लालाई माथिल्ला समिति र नेतृत्वले वास्तै नगरे पनि चलमल गर्दैछ । महासंघका केन्द्रीय सदस्य बहुआयामिक कलाकार ओमविक्रम ओझालगायत कलाकार स्वतःफूर्त रुपमा कलाकार विद्या घिमिरे कार्की जिल्ला अध्यक्ष रहेको समितिसित काँधमा काँध थापेर सक्रिय रहेको देखिन्छ । सांस्कृतिक फाँटका जिल्ला र नगर पार्टी इन्चार्जहरु क्रमशः गणेशकुमारी राई र चन्दा पुरीसित सम्पर्क गरेर जिल्ला र नगरका एमाले संगठित सदस्य रहेका स्रष्टाको पहिलो भेला र विस्तारित भेला गर्न खोजेको ओझाले बताए । उनले भेलामा जबज अनुसारको सिर्जनात्मक मान्यताका बारेमा सघन छलफल गरी निचोड निकाल्ने कुरा गरेका छन् । जबजको प्रकाशमा कला साहित्यिक मान्यता रुढ प्रगतिवाद होइन, प्रतिस्पर्धी प्रगतिवाद हो । राम्रो काम राम्रै तरिकाले सम्पन्न गर्नु पर्छ भन्ने जबज अनुसार विचार प्रायः प्रच्छन्न रहको कलात्मक लेखन हो । शिष्ट श्रृङ्गारिक रचना लेख्नै हुन्न र त्यस्ता रचना मायावादी हुन् भन्ने भ्रम उपल्लै तहका स्रष्टामा देखिन्छ ।

हास्य कलाकार कृष्ण नेपालसहित भएर इटहरी पालिकाले विधानतः कला साहित्य परिषद् गठन गर्न बेवास्ता गरेकामा पालिका प्रमुखलाई विरोध वक्तव्यसहित ज्ञापनपत्र समेत दिएको उनले बताए । वर्ग पक्षधरताको कुरा गर्ने महासंघका वरिष्ठ गायक आफूलाई कवि गोष्ठीमा आफूलाई खस क्षेत्री समाजको उपाध्यक्ष भनेर परिचित गराएको दृश्य इटहरीमै देखियो । पार्टीका विभागहरु मानार्थ जस्ता छन् । विभागले त विषयगत खोज र अनुसन्धान गर्ने र गराउने हो । महासचिव शंकर पोखरेल र उपमहासचिव तथा संस्कृतिविद् प्रदीप ज्ञवालीले समेत मानार्थ गठित विभागीय क्रियाकलापप्रति असन्तुष्टि जाहेर गरिरहनु भएको छ ।

सामन्तवादले आम श्रमजीवी जनताको सर्वतोमुखी उत्थान र विकास गरेर आफ्नो सत्ता सरकार दीर्घजीवी बनाएको होइन । किनकि सामन्तवादले अहोरात्र चरम अन्धविश्वासी धार्मिक रुढीवादी सन्जाल फिँजाएर जनतालाई दिग्भ्रमित पारेको हो । त्यसैले एमाले वा जनपक्षधर शक्ति वा पार्टीले जनताका पक्षमा र हितमा सकेसम्म आर्थिक भौतिक सेवा सुविधा प्रदान गर्नु पर्छ तर यत्तिकै भरमा जनता आफ्ना पक्षमा प्रतिबद्ध भइरहन्छन् भन्ने भ्रम नपाले हुन्छ । आम जनतालाई प्रगतिशील चेतना जागृत गर्ने काममा विशेष ध्यान दिनुपर्छ र स्वयं स्रष्टाहरु सामन्तवादी सांस्कृतिक अवशेषबाट मुक्त हुन गम्भीर प्रयत्न गर्नु पर्छ । कला साहित्य, संस्कृति र नेतृत्वको जनमैत्री व्यवहारले जनमनलाई प्रगतिशील उन्मुख उच्च चेत प्रवाह गर्नु पर्ने हुन्छ र अन्तर मनबाट जनहित पक्षधर सरकार,सत्ता र प्रतिबद्ध बनाउन अथक प्रयत्न गर्नु पर्छ । देश र जनताका हितमा गरेका कामहरुलाई विषय बनाएर विभिन्न बान्कीका विविध कलात्मक गीत,लेखन,वाचन,गोष्ठी, सेमिनार गर्नु पर्छ । एमालेले गरेका यावत् महत्वपूर्ण विकासे कामहरु कलात्मक लेखन अभियान सुरु गर्नुपर्छ । धेरै जसो प्रगतिशील रचनाहरुमा सामन्तवादी सांस्कृतिक अवशेषहरु गोष्ठीमा वाचित रचनाहरुमा सुनिन्छ तर त्यसमा कलात्मक समीक्षण गरेको पाइन्न । बाल,युवालगायत विभिन्न उमेर समूहका व्यक्तिहरुलाई सिर्जनात्मक काममा प्रोत्सहित गर्ने खास कोही छैन । सिर्जनाको नर्सरी,बेर्ना र व्याड बनाएर बालसञ्जाल र मोर्चामार्फत् लहलहाउँदो बाली लगाउने सोच पनि देखिन्न । एमालेका मोर्चा संगठन र राजसा महासंघलगायत संगठनका गोष्ठी पार्टीकरण भएकाले प्रभावविहीन छन् । सय थुकी नदी गर्ने हो भने र पार्टी र नेतृत्वले आवश्यक सरसहयोग गरिदिने हो भने घर भाडा तिर्न खासै समस्या हुने थिएन । पार्टी र मोर्चाका बीच तेर्सो सम्बन्ध हुन्छ घोकेर कण्ठ पारेको छ तर व्यवहार उल्टो छ । मोदनाथ प्रश्रितले पनि जबज अनुसारको सौन्दर्य शास्त्रीय चिन्तन हुन नसकेको पहिले नै बताउनु भएको थियो । पार्टी बाहिरका त्यसबाट अलग थलग भएका र स्वतन्त्र खालका व्यक्तिहरुलाई रचनात्मक काम र गतिविधिबाट व्यापक रुपमा आकर्षित गर्नु पर्नेमा उल्टो विकर्षित गरेपछि मोर्चा संगठन र पार्टी संगठनमा कुनै फरक देखिँदैन । प्रगतिशील लेखक संघ,साझा संगठन भए पनि त्यहाँ पनि आफ्नो कलात्मक पहिचानसहित सक्रिय हुनु पर्छ । यसका महासचिव डा. देवी दुलालको भूमिका महत्वपूर्ण रहेको छ । मदन भण्डारी फाउन्डेसन अन्तर्गतको कला साहित्य संस्कृति जस्ता निकटतम सम्बन्ध रहेका सबै कला साहित्यिक संस्थाहरुलाई रचनात्मक रुपमा एकताबद्ध गरे यो क्षेत्र अझ ऊर्जावान् हुने थियो ।

अर्को चाहिँ पार्टी र सबै विभागहरुमा सांस्कृतिक रुपान्तरण भन्ने विषयको प्रवेश नै देखिएन । प्रायः उपल्लो र माथिल्लो नेतृत्व नै यसमा शून्य चेतको देखिन्छ । राजनीति जेठो नीति भएपछि जेठाबाठाको नै यस खालको चेत भए पनि आम सर्जक दुअन्नी सरह अपहेलित हुन्छन् । त्यसैले कामकाजीलाई उपयुक्त स्थान दिए मात्र यस क्षेत्रमा आँधीबेहोरी ल्याउन सकिन्छ नत्र अहिले भन्दा भयावह खडेरी बन्न सक्छ । आम जनमनको अन्तरतहका सात पत्रमा प्रवेश गरेर रुपान्तरित गर्ने अद्‌भूत क्षमताको कला साहित्य र संगीत क्षेत्र सामान्य विषय र क्षेत्र होइन । यसका माध्यमबाट नै सामन्तवादी सांस्कृतिक अवशेषबाट समाजलाई मुक्त गर्न सकिन्छ , रुपान्तरित गर्न पनि सकिन्छ । सांस्कृतिक रुपान्तरणको विषय पार्टीको एक महत्वपूर्ण र प्रमुख मुद्धा नबनेसम्म समाज यथास्थितिमै रम्नेछ । सांस्कृतिक नेतृत्व नै नभएपछि समाजले गुणात्मक रुपान्तरणको भेउ पाउँदैन ।

# प्रादेशिक अस्पताललाई १० थान पोटेवल मेडिकल टेबल

भद्रपुर(प्रस) ।भद्रपुरस्थित प्रादेशिक अस्पताललाई १० थान पोटेवल मेडिकल टेबल हस्तान्तरण गरिएको छ ।
प्रेस क्लब भद्रपुरको समन्वयमा नेपाल जेसियु सोसाइटीले मोरान मेमोरियल स्कुल भद्रपुर ६ तथा सेन्ट जेभियर्स स्कुल बिर्तामोड ८ को नाममा ५–५ थान पोटेवल मेडिकल टेबल प्रदान गरेको हो । जेसियु सोसाइटीका समन्वयकर्ता गोविन्द कोइरालासंग सहकार्य गरेर प्रेस क्लब भद्रपुरका अध्यक्ष राजबाबु शंकरले अतिआवश्यक देखिएको औषधीसहित उपचारका सामग्री राख्न मिल्ने टेबल आकस्मिक उपचार कक्षका लागि सहयोग जुटाएका हुन् ।प्रेस क्लबका अध्यक्ष शंकरको अध्यक्षता तथा जिल्ला समन्वय प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्यमा सम्पन्न हस्तान्तरण कार्यक्रममा भद्रपुर नगर प्रमुख गणेश पोखरेलले सर्वसाधारणको उपचार सहज बनाउन आवश्यक बस्तु प्रदान गर्नु मानवीय सेवा भएको



बताउँदै अस्पतालको स्तर बृद्धि गर्दै मेडिकल कलेजका रूपमा विकास गर्न प्रदेश सरकार प्रतिबद्ध हुनु पर्ने धारणा राखे ।
कार्यक्रममा भद्रपुर ८ का वडाध्यक्ष गौरव सुब्बा मनोजले संसारमै सरकारी स्वामित्वका अस्पताल चुस्त दुरूस्त नभेटिने परम्परा भएपनि नेपालमा सुधार अभियान सञ्चालन हुन थालेकाले प्रादेशिक अस्पतालको मुहार परिवर्तन गर्न नेतृत्व लिने व्यक्ति सफल हुने धारणा राखेका थिए ।
कार्यक्रममा सामग्री बुझ्दै निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्काले सवैको समान पहुँच हुने तथा स्तरीय उपचार सेवा प्रदान गर्ने निकायका रूपमा अस्पतालको स्वरूप बनाउन आफू लागिपर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

नेपाल जेसियु सोसाइटीका प्रतिनिधि फादर दिलिपले सोसाइटीले ६० वर्षयता नेपालमा रहेर शिक्षा, स्वास्थ्य र मानव सेवामा निरन्तर लागिरहेको बताउँदै त्यही अभियानअन्तर्गत सामग्री प्रदान गरिएको जानकारी दिए ।
गोविन्द कोइरालाले सञ्चालन गरेको कार्यक्रममा भद्रपुर ५ का वडाध्यक्ष बन्धु कार्की, रेडक्रस सोसाइटी भद्रपुरका सचिव केदार महतलगायत स्वास्थ्य तथा सञ्चारसम्बद्ध व्यक्तिहरूको उपस्थिति थियो ।

# बुद्धशान्तिका दुई किशोरी अझै फेला परेनन्

• **वीरु दर्नाल,**

झापा । झापाको बुद्धशान्ति गाउँपालिकाबाट वेपत्ता भएका दुई किशोरीहरु अझै फेला नपरेको परिवारले बताएका छन् ।
२० दिनअघि घरबाटै हराएका ती किशोरीहरु अहिलेसम्म परिवारको सम्पर्कमा नआएका हुन् । बुद्धशान्ति -२ की सात कक्षामा पढ्ने १३ वर्षिया कामना रणपहेंली र सोही पालिका वडा नं- १ की कक्षा ८ मा पढ्ने वर्ष १४ की गृष्मा नेपाली बेपत्ता भएका हुन् ।
कामनाका बुबा सनमान रणपहैंली र गृष्माका आमा संगीता नेपालीका अनुसार उनीहरुलाई सबै ठाउँमा खोजतलास गरिएपनि कुनै जानकारी पाउन सकेको छैन । स्थानीय प्रहरी कार्यालय , माईती नेपालमा समयमै खबर गरिएको र त्यहाँबाट पनि अहिलेसम्म कुनै खबर नआएको अभिभावकद्वयले बताए ।
सम्पर्कबिहीन किशोरीहरुको बारेमा बुधवारे प्रहरी चौकीमा बुझ्दा पहिले पनि स्थानीय मेलाबाट हराएर केही दिनपछि प्रहरीले नै खोजेर ती किशोरीहरुलाई अभिभावकको जिम्मा लगाएको थियो । अहिलेसम्म कतै फेला नपरेको बताउँदै सबैतिर जानकारी गरिएको प्रहरीले बताएको छ । यदि कसैले देखे भेटेमा स्थानीय प्रहरी कार्यालयमा खबर गरिदिन प्रहरी र अभिभावकले अपिल गरेका छन् ।

# दुर्गा रिहा भएपछि अभियानले निकाल्यो विजय ऱ्याली




झापा(प्रस) । दुर्गा प्रसाई रिहा भएलगत्तै उनी नेतृत्वको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानले फेरि गतिविधि थालेको छ । यसक्रममा नागरिक बचाउ महाअभियानले झापाको शिवसताक्षीमा ऱ्याली र कोणसभा गरेको छ । नागरिक बचाउ महाअभियान शिवसताक्षीको आयोजनामा शिवसताक्षी- ६ शिवगञ्ज बजारमा शान्तिपूर्ण विजय ऱ्याली निकालिएको हो । र्यालीपछि नागरिक बचाउ महाअभियानकी शिवसताक्षी नगरपालिका नगर संयोजक मिनाकुमारी राउतको अध्यक्षतामा भएको कोणसभामा संस्थापक सदस्य प्रेमदिप लिम्बू , केन्द्रीय सदस्य भानु सिटौला, लघुवित्त पीडित संघका झापा जिल्ला संयोजक उमाकान्त अधिकारीलगायतले संबोधन गरेका थिए ।
उनीहरुले यो दलालहरुको सरकार भएको आरोप लगाउँदै दुर्गा प्रसाईं एउटा विचार भएकाले सरकारले थुन्दैमा आन्दोलन नसकिने बताएका थिए । ऱ्यालीका सहभागीहरुले ' अभियन्ताहरुलाई लगाइएका झुटा मुद्दा खारेज गर, भ्रष्टाचारी जोगाउने गठबन्धन सरकार राजीनामा दे'लगायतका नारा लगाएका थिए । पक्राउ परेको एक महिना एक दिनपछि प्रसाईं हिजो रिहा भएका हुन् ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।